आज मिति २०७६ साल श्रावण ०३ गते दिउसो ०१:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमबहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोपसाङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री समिरा गुरुङ |
| ११. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| १२. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| १३. | सदस्य | - | श्री विन घले |
| १४. | सदस्य सचिव | - | श्री लक्ष्मण गौली (नि. प्र.प्र.अ.) |

आमन्त्रीत

१ ले.अ. श्री नमनारायण मल्ल, आर्थिक प्रशासन शाखा

२ स.इ. श्री दिपक तिमिल्सिना, प्रविधिक शाखा

३ श्री लिल बहादुर गुरुङ, योजना शाखा

४ श्री विष्णु प्रसाद अधिकारी, प्रशासन शाखा

प्रस्तावहरु

१. प्रविधिक शिक्षा अन्तर्गत कृषि विषय समूहको वाली विज्ञान विषय अध्यापन गर्न अनुमती दिने सम्बन्धमा ।

२. नमूना विद्यालय सञ्चालनको लागि अनुमती सम्वन्धमा ।

३. चालु आर्थिक वर्षमा सम्पन्न भएका योजनाहरु फरफारक गर्ने सम्वन्धमा ।

४. कार्यालय सहयोगीको व्यवस्थापन सम्वन्धमा ।

५. करार सेवा कर्मचारीको विज्ञापन गर्ने सम्वन्धमा ।

६. मनाङ जिल्लामा विपद् परेको अवश्थामा आवश्यक विष्फोटक पदार्थ उपलव्ध गराउने सम्बन्धमा ।

७. कार्यलय सहयोगी सम्वन्धमा ।

<u>निर्णयहरु</u>

१. शैक्षिक सत्र २०७६ वाट नै कक्षा ९ देखि प्राविधिक धारको कक्षा सन्चालन गर्न अनुदान प्रस गर्न छनौट भएका स्थानीय तह र विद्यालयले कक्षा सन्चालनका लागि स्थानीय तहबाट अनुमती लिएको हुनुपर्ने प्रावधान रहेकोमा वैठकमा छलफल हुदा शैक्षिक वर्ष २०७६ बाट कक्षा ९ देखि प्रविधिक धार वाली विज्ञान कक्षा सन्चालन गर्न अनुमती दिने निर्णय गरियो ।

२. शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय मा. मन्त्रीस्तर को मिति २०७६।०३।२७ को निर्णय अनुसार लोकप्रिय मा.वि. चामे नमूना विद्यालयमा छनौट भएको र नमूना विद्यालय विकास एव सन्चालन निर्देशिका २०७४ (पहिलो ससोधन २०७५ सहित) को नियम ४.४ क वमोजिम विद्यालय व्यवस्थापन समितिको २०७६।०४।०१ को प्रतिवद्धताको निर्णय सहित नमूना विद्यालय सन्चालनका लागि यस गाउँपालिकामा अनुमतीका लागि पत्र पेश गर्नुभएमा वैठकमा छलफल हुदा नमूना विद्यालय विकास एव सन्चालन निर्देशिका २०७४ अनुसार नमूना विद्यालय सन्चालनको लागि अनुमती दिने निर्णय गरियो ।

३. चामे गाउँपालिकाको चालु आर्थिक वर्ष २०७५/७६ मा सञ्चालन भएका योजनाहरु मध्ये देहायमा उल्लेखित योजनाहरु प्राविधक मूल्याङ्कन एवम् स्थानीय अनुगमन एवं मूल्याङ्कन समितिको निर्णय अनुसार फरफारक गर्ने निर्णय गरियो ।

| क्र स | योजनाको नाम | रकम |
|---|---|---|
| १ | तिमाङ ढल व्यवस्थापन | ५००००० |
| २ | तिमाङ चिहान घर निर्माण | ५००००० |
| ३ | तिमाङ देखि सामुदायिक भवन सम्म बाटो ढलान ,पिपिसी | ४२५००० |
| ४ | थानचोक आमा समूह बफ सेट चुलो फर्निचर | ५००००० |
| ५ | धर्म प्रवद्धनका लागि लामालाइ पूजा सामग्री वितरण | ७,६१,८१३ |
| ६ | थान्चोक वस्ती संरक्षण डिलमा तटबन्धन निर्माण | ५००००० |
| ७ | डाडा गाउँको गाउबस्ती गोरेटो बाटो ढलान ,पिपिसि | १५००००० |
| ८ | कोतो गुम्बा कम्पाउण्ड वाल निर्माण योजना | ८००००० |
| ९ | क्युपार जाने झोलुङ्गे पुल पुगने बाटो निर्माण योजना | २००००० |
| १० | छीतपुर मोटरबाटो सोलीङ | ५००००० |
| ११ | तलेखु गुम्बामा प्लास्टर र रंगरोगन | ५००००० |
| १२ | तलेखुबाट मर्स्याङ्दीपरि जाने बाटो सिढी पिसिसी निर्माण | ५००००० |
| १३ | सिटिजन बैंक चोक देखि मर्स्याङ्दी नदी माथिको पक्कि पुलसम्म ग्याबिन तारवार निर्माण | १२०००० |
| १४ | सिंगरखोलामा मोटरबाटो खन्दा क्षति पुगेको खोला किनार वरिपरी तटबन्ध र मोटरबाटोमा गबिन निर्माण | ५००००० |
| १५ | वडा नं. 5 मा मोटरेवल पुल माथिको माने संरक्षण - बाटो, सिढी र वाल निर्माण | ५००००० |
| १६ | नयाँ बजारदेखि बिचबजारसम्म खानेपानी विस्तार योजना | ५५०००० |

| | | |
|---|---|---|
| १७ | त्रिचुङगल्दा वस्ती संरक्षण तटबन्ध निर्माण | ५००००० |
| १८ | तातोपानी सम्म २ मिटरको गोरेटो बाटो निर्माण | ५००००० |
| १९ | तातोपानी संरक्षण सम्वर्धन | २०००००० |
| २० | चिहान घाटदेखि मूल सडक सम्म दुवै किनारमा तटबन्ध निर्माण योजना | ४००००० |
| २१ | चामे बिच बजार र नयाँ बजार ढल निकास योजना | २१०००० |
| २२ | चामे तमु आमासमुह भवन निर्माण | १५००००० |
| २३ | कृषि कार्यालयबाट दुरसंचार जाने बाटो मा सिंगरखोला माथि काठे पुल निर्माण | ५००००० |
| २४ | कृषि कार्यालय हुदै ढुंगा खानीसम्म मोटरबाटो निर्माण | ५००००० |

४. चामे गाउँपालिका वडा कार्यालयहरुमा कार्यरत कार्यालय सहयोगीहरुको व्यवस्थापन सम्वन्धमा छलफल हुदा समायोजन भइ यस गाउँपालिका हाजिर भएका कार्यालय सहयोगीहरुलाइ तपसिल अनुसारको वडा कार्यालयमा व्यवस्थापन गर्ने र करार सेवामा वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगीहरुलाइ गाउँपालिकालाइ पुर्‍याउनु भएको योगदानलाइ धन्यवाद दिने निर्णय गरियो ।

| क्र.सं. | कर्मचारीको नाम, थर | हाल कामकाजका लागि तोकिएको वडा कार्यालय |
|---|---|---|
| १ | जित बहादुर गुरुङ | चामे गा.पा.वडा नं. १ को वडा कार्यालय, थान्चोक |
| २ | छिरिङ नाम्ग्याल गुरुङ | चामे गा.पा.वडा नं. २ को वडा कार्यालय, थान्चोक |
| ३ | लाक्पा डोमा लामा | चामे गा.पा.वडा नं. ३ को वडा कार्यालय, चामे |
| ४ | आनन्द गुरुङ | चामे गा.पा.वडा नं. ५ को वडा कार्यालय, चामे |

५. यस चामे गाउँपालिकाको कार्यालयका लागि दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने तपशील वमोजिमका पदहरुमा विज्ञापनको प्रकृया अगाडी वढाउन कार्यालयलाइ निर्देशन गरियो ।

क) कम्प्युटर अपरेटर – १ (एक) जना
ख) सव इन्जिनयर सिभिल – १ (एक) जना
ग) अ सव इन्जिनयर सिभिल – २ (दुइ) जना
घ) खा.पा.स.टे. – १ (एक) जना
ङ) पशु स्वास्थ्य प्राविधिक – १ (एक) जना
च) कृषि प्राविधिक सहायक पाचौ – १ (एक) जना

६. मनाङ जिल्लामा विपद् वाट वाटो घाटो अवरोध भई ठूला साधनले पनि अवरोध हटाउन नसकी विष्फोटक पदार्थ आवश्यक परेमा माग वमोजिम चामे गाउँपालिकाले निशुल्क रुपमा उपलव्ध गराउने र उक्त कार्यमा सुरक्षा प्रदान गर्दा जिल्ला स्थित सुरक्षा निकायका सुरक्षा कर्मीलाई भत्ता उपलव्ध नगराउने निर्णय गरियो ।

७. यस चामे गाउँपालिकामा समायोजन भइ जिल्ला समन्वय समितिको कार्यालय, साविक पशुसेवा कार्यालय, साविक कृषि विकास कार्यालय र जिल्ला अस्पताल, मनाङवाट कार्यालय सहयोगीहरु समायोजन भइ आएको हुदाँ करार सेवामा कार्यरत कार्यालय सहयोगी कर्मचारीहरुले सेवा छोड्न परेको हुदाँ सेवामा कार्यरत कर्मचारीलाइ आजसम्मको सहयोग प्रति धन्यवाद दिदै पछि ति पदहरु खाली हुदै गएमा आवश्यकता अनुसार क्रमश पूर्व कार्यरत कर्मचारीलाइ नै प्राथमिकता दिने निर्णय गरियो ।

निर्णय प्रमाणित २०७६।५।२२

आज मिति २०७६ साल भाद्र २० गते दिउँसो ११:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमबहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोपसाङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री समिरा गुरुङ |
| ११. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| १२. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| १३. | सदस्य | - | श्री विन घले |
| १४. | सदस्य सचिव | - | श्री गंगबहादुर थापा |

<u>प्रस्तावहरु</u>

१. आ.व.२०७५/७६ को वार्षिक बजेट तथा कार्यक्रमको समीक्षा एवम् चालु आ.व.२०७६/७७ को वजेट तथा कार्यक्रम सञ्चालन सम्वन्धमा ।

२. गाउँपालिका क्षेत्रभित्रको फोहोर मैला व्यवस्थापन, महशुल निर्धारण र कर्मचारीको दरवन्दी स्वीकृत सम्वन्धमा ।

३. विद्यालय व्यवस्थापन समितिमा सदस्य मनोनयन गर्ने सम्वन्धमा ।

४. गाउँपालिका क्षेत्रभित्रको खानेपानी व्यवस्थापन, महशुल निर्धारण र कर्मचारीको दरवन्दी स्वीकृत सम्वन्धमा ।

५. नेपाल बैंक लिमिटेडलाई थप कोठा उपलब्ध गराउने र लामो अवधिका लागि भाडा सम्झौता गर्ने सम्वन्धमा ।

६. गाउँ कार्यपालिकाको कार्यालयको सरसफाईका लागि सेवा करार गर्ने सम्वन्धमा ।
७. गाउँपालिकाको वडा नं. १ स्थित तिमाङमा प्रहरी चौकी स्थापनाका लागि माग गर्ने सम्वन्धमा ।
८. लैङ्गिक हिंसा, मानव बेच विखन, लागु औषध, मद्यपान र धुम्रपान विरुद्धको अभियानमा जिल्ला प्रहरी कार्यालय मातहतमा रहेको सामुदायिक प्रहरीसँग सहकार्य गरी सचेतनामूलक कार्यक्रम गर्ने सम्वन्धमा ।
९. कार्यवाहक वडाध्यक्षको जिम्मेवारी तोक्ने र सेवा सुविधा सम्वन्धमा ।
१०. पर्यटन वर्ष मनाउने सम्वन्धमा ।
११. संविधान दिवस मनाउने सम्वन्धमा ।
१२. ढुंगा, वालुवा, गिट्टी निकासी एवम् उत्खन्न सम्वन्धमा ।
१३. छात्रवृद्धि प्रदान गर्ने सम्वन्धमा ।
१४. चामे गाउँपालिका खरीद नियमावली २०७६ स्वीकृत सम्वन्धमा ।
१५. भवन मापदण्ड सम्वन्धमा ।

<u>निर्णयहरु</u>

१. आ.व.२०७५/७६ को वार्षिक वजेट तथा कार्यक्रमको समीक्षा गर्दै चालु आ.व. २०७६/७७ को स्थानीय सरकारको नीति, वजेट तथा कार्यक्रमलाई समयमा नै कार्यान्वयन गर्न कार्य तालिका वनाई कार्यक्रम सञ्चालन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२. चामे गाउँपालिका क्षेत्रभित्रको स्थायीरुपमा फोहोर मैला व्यवस्थापन गर्न वडा नं. ४ को छार्थाङमा फोहोर मैलाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) का आधारमा डम्पीङ्ग साइट र रिसाईकल हुने सामग्री संकलन केन्द्रको निर्माणका लागि वोलपत्र आव्हान गर्ने कार्य, फोहोर मैला व्यवस्थापनका लागि आवश्यक पर्ने ट्राक्टर चालक श्रेणीविहिन हलुका सवारी चालक पहिलो स्तर १ (एक) र फोहोर मैला लोड/अनलोड सहयोगी (श्रेणीविहिन) पहिलो स्तर २ (दुई) गरी ३ (दुई) जना कर्मचारीको दरवन्दी स्वीकृति गर्ने तथा सेवा करारका लागि प्रकृया अघि वढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र फोहोर मैलाको देहाय वमोजिमको महशुल निर्धारण गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | मासिक महशुल दर | कैफियत |
|---|---|---|---|
| १ | व्यक्तिगत आवासका लागि | ५०.०० | |
| २ | सरकारी कार्यालय एवम् आवासका लागि | १५०.०० | |
| ३ | किराना/अन्य पसल व्यवसायिकका लागि | १५०.०० | |
| ४ | पर्यटन व्यवसायिकका लागि | १५०.०० | |

३. चामे गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुले चामे गाउँपालिका शिक्षा नियमावली, २०७५ वमोजिम गठन भएका विद्यालय व्यवस्थापन समितिमा गाउँपालिकाको एक जना प्रतिनिधि रहने व्यवस्था भएकोमा श्री लोकप्रिय माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा सामाजिक

विकास समितिका संयोजक एवम् वडा नं. १ का वडा अध्यक्ष श्री आशिश गुरुङलाई सदस्य मनोनयन गर्ने र गौरी शंकर आधारभूत विद्यालयको विद्यालय व्यवस्थापन समितिमा सामाजिक विकास समितिका सदस्य एवम् कार्यपालिका सदस्य श्री फूलमाया गुरुङलाई सदस्य मनोनयन गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिकास्थित सबै वडाहरुमा रहेका वस्तीमा खानेपानीको व्यवस्थापन व्यवस्थित र सर्वसुलभ नहुँदा गाउँका वासिन्दाले कठिनाई महशुस गरिरहेकोमा हालसम्म खानेपानीको व्यवस्थापनको जिम्मा लिएको चामे यूवाक्लवले स्थानीय सरकार गठन र सञ्चालन भैरहेको अवस्थामा खानेपानी व्यवस्थापन क्लवले गर्न सान्दर्भिक नहुने भएकोले क्लवले लिएको खानेपानीको व्यवस्थापन स्थानीय सरकारलाई हस्तान्तरण गर्ने निर्णय सहितको पत्र प्राप्त भएको हुँदा चामे गाउँपालिकास्थित सम्पूर्ण वडाहरुको खानेपानीको व्यवस्थापन गाउँपालिकावाटै गर्ने, सोको लागि आवश्यक पर्ने कार्यालयको स्वीकृत दरवन्दीमा रहेको खा.पा.स.टे.सहायक चौथो १ (एक) सहित खा.पा.स.टे.सहयोगी (श्रेणीविहिन) पहिलो स्तर २ (दुई) र मिटर रिडर सहायक चौथो १ (एक) गरी जम्मा ४ (चार) जना खानेपानी तर्फ कर्मचारीको दरवन्दी स्वीकृति गर्ने तथा सेवा करारका लागि प्रकृया अघि वढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र खानेपानीको देहाय वमोजिमको महशुल निर्धारण गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | मासिक महशुल दर | कैफियत |
|---|---|---|---|
| १ | व्यक्तिगत आवासिय प्रयोजन | १००.०० | |
| २ | सरकारी कार्यालय एवम् आवासिय प्रयोजन | ३००.०० | |
| ३ | पर्यटन व्यवसायिक प्रयोजन | २००.०० | |
| ४ | अन्य व्यवसायिक प्रयोजन | १००.०० | |

५. यस कार्यालयको वडा नं. ४, नयाँवजार स्थित प्रशासकीय भवनको भुई तलामा रहेका सटरहरु सिलवन्दी दरभाउपत्र मार्फत भाडामा दिन सूचना आव्हान गरी सटर नं. ३ र ४ नेपाल बैंक लिमिटेडलाई परेको र बैंक पूर्णरुपमा स्थानान्तरण गर्न थप कोठा आवश्यक पर्ने भनी माग गरेकोमा उक्त बैंकलाई कार्यालय परिसरमा राख्न सके कार्यालयको सुरक्षा एवम् राजस्व संकलनमा समेत सहयोग हुने हुँदा कार्यालयको भुई तलाको दक्षिण पश्चिममा रहेको कोठा र पहिलो तलाको दक्षिण पश्चिममा रहेका तीन कोठाको क्षेत्रफल १७०० वर्गफिट प्रति वर्गफिट रु. १३०।- का दरले वार्षिक रु. २,२१,०००।- र सटरहरुको प्रति सटर रु. ८५,०००।- का दरले दुई सटरको वार्षिक रु. १,७०,०००।- गरी जम्मा रु. ३,९१,०००।- वार्षिक भाडा कायम गर्ने अध्यक्षस्तरीय निर्णयलाई अनुमोदन गर्ने र प्रत्येक दुई वर्षमा नियमानुसार भाडा वृद्धि गर्ने गरी १० (दश) वर्षका लागि सम्झौता गर्न कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

६. चामे गाउँपालिकाको वडा नं. ४ नयाँवजारमा रहेको प्रशासकीय भवनको सरसफाई गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (८) मा सरसफाई सम्वन्धी पद प्रतिस्पर्धाको आधारमा सेवा करारवाट मात्र लिन सकिने व्यवस्था भएकोले आंशिक अवधि (विहान ७ वजेदेखि विहान ११ वजेसम्म) का लागि सेवा करारमा लिन नियमानुसार प्रकृया अघि वढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

७. चामे गाउँपालिकाको केन्द्रदेखि करिव ११ किलोमिटरको दूरीमा रहेको गाउँपालिकाको प्रदेश द्वारमा अवस्थित वडा नं. १ को तिमाङमा वस्ती विकास हुँदै गएको पर्यटकीय हिसावमा अन्नपूर्ण पदमार्गको मनाङ खण्डको उद्गम स्थल रहेको यस वडामा सुरक्षाको राम्रो प्रवन्द नभएको हुँदा प्रहरी चौकी स्थापनाका लागि जिल्ला प्रहरी कार्यालय मार्फत जिल्ला सुरक्षा समितिवाट निर्णय गराई गण्डकी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय र संघीय सरकार, गृह मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

८. लैङ्गिक हिंसा, मानव वेच विखन, लागु औषध, मद्यपान र धुम्रपान विरुद्धको अभियानमा जिल्ला प्रहरी कार्यालय, चामे, मनाङ मातहतमा रहेको सामुदायिक प्रहरीसँग सहकार्य गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

९. चामे गाउँपालिकाको वडा कार्यालयको सेवा प्रवाहलाई प्रभावकारी वनाउन सम्वन्धित वडाका वडा अध्यक्ष लामो समयसम्म वडा वाहिर जानु पर्ने भएमा जेष्ठ वडा सदस्यलाई लिखितरुमा नै कार्यवाहक वडाध्यक्षको जिम्मेवारी तोक्ने व्यवस्थालाई कडाईका साथ पालना गर्न गराउन निर्देशन दिने र एक महिना भन्दावढी अवधि वडा वाहिर रहनु पर्ने भएमा उक्त अवधिको सञ्चार र इन्धन सुविधा कार्यवाहक वडाध्यक्षलाई उपलव्ध गराउने निर्णय गरियो ।

१०. पर्यटन वर्ष २०१९-२०२२ सम्मलाई सफल पार्न चामे गाउँपालिका भित्र पर्यटन प्रवर्द्धनका लागि पर्यटन प्रवर्द्धन स्थानीय उपसमितिले तय गरेका कार्यक्रमलाई आवश्यक पर्ने वजेटको व्यवस्था गरी सफलतापूर्वक सञ्चालन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

११. जिल्ला सदरमुकाममा अवस्थित चामे गाउँपालिकाले जिल्ला समन्वय प्रमुखको संयोजकत्वमा गठन हुने संविधान दिवस समारोह जिल्ला समितिले तय गरेका कार्यक्रमलाई सहकार्य गर्दै भव्यरुपमा असोज २, ३ र ४ गतेसम्म राष्ट्रिय दिवसको रुपमा मनाउने निर्णय गरियो ।

१२. चामे गाउँपालिकालाई पूर्णरुपमा मर्स्याङ्गदी नदीले विचवाट चिरेर वगीरहेको हुँदा नदीको दुवैतर्फ वगाएर ल्याएको वालुवालाई विपद् जोखिमका हिसाव र पर्यावरणमा असर नपर्ने गरी वर्षायाम जेठ देखि असोज मसान्तसम्म सवै वडाका घाटमा मेसिन प्रयोग नगरी नियमानुसार वालुवा उत्खन्न गर्न वडा कार्यालयलाई निर्देशन दिने, ढुंगा खानीलाई व्यवस्थितरुपमा सञ्चालन गर्न एवम् चोरी निकासी रोक्न सम्वन्धित वडा अध्यक्षको नेतृत्वमा रहेको वडा समितिलाई जिम्मेवारी दिने र गाउँपालिका भित्र गिट्टी सम्वन्धी व्यवसायी गर्ने व्यक्ति वा फर्मलाई नियमानुसार करको दायरामा ल्याउने निर्णय गरियो ।

१३. चामे गाउँपालिकाभित्र स्थायीरुपमा बसोबास गरेका बासिन्दाका छोरा छोरीहरुले विज्ञान विषय लिई कक्षा ११ र १२ को नतिजामा औसतमा ए ग्रेड भन्दा बढी अंक प्राप्त गर्ने मध्ये एक जना छात्र र एक जना छात्रालाई जनई रु. ५० हजार र उच्च शिक्षा तर्फ एम.वि.वि.एस./वि.ई./ वि.एस.सी.कृषि/वि.एस.सी.पशु अध्ययरत विद्यार्थीको लागि स्थानीय शिक्षा समितिले तय गरेको मापदण्डका आधारमा बढी अंक हाँसिल गर्ने विद्यार्थीलाई एम.वि.वि.एस.तर्फ रु. २ लाख र वि.एन./वि.फर्मा/वि.एम.एल.टी./वि.ई./वि.एस.सी.नर्सिङ्ग/वि.एस.सी.कृषि/ वि.एस.सी.पशु तर्फ रु. १ लाख प्रत्येक व्याचलाई छात्रवृद्धि प्रदान गर्ने निर्णय गरियो ।

१४. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी चामे गाउँपालिकामा हुने सम्पूर्ण खरीद प्रकृयालाई सहज एवम् सर्वव्यापी र कानून सम्मत वनाउन चामे गाउँपालिका खरीद नियमावली २०७६ को मस्यौदालाई गाउँ कार्यपालिकाको विधेयक समितिमा व्यापक छलफल भई पारित गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकाको वैठकमा पेश हुन आएको खरीद नियमावलीलाई नियमावलीमा भएका व्यवस्थाको अध्ययन एवम् छलफल मार्फत पारित गरी स्वीकृत गर्ने निर्णय गरियो ।

१५. चामे गाउँपालिका भित्र पक्की भवन निर्माण गर्ने क्रम बढ्दो मात्रमा रहेको हुँदा व्यवस्थित शहर निर्माणका लागि समयमानै भवन निर्माण मापदण्ड बनाई लागू गर्नुपर्नेमा हाललाई संघीय सरकारवाट कार्यान्वयनमा ल्याईएको वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लाई भवन निर्माणको लागि नक्शापास गर्दा कडाईका साथ पूर्णरुपमा पालना गर्ने गराउने निर्णय गरियो ।

आज मिति २०७६ साल असोज ३० गते विहान १२:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको वैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र वहादुर घलेज्यूको अध्यक्षतामा वसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रवहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमवहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोपसाङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री समिरा गुरुङ |
| ११. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| १२. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| १३. | सदस्य | - | श्री विन घले |
| १४. | सदस्य सचिव | - | श्री गंगवहादुर थापा |

प्रस्तावहरु

१. कजिनसारा तालको स्थानीय नामाकरण एवम्ताललाई टोपो म्यापमा समावेश गर्ने सम्वन्धमा ।

२. पर्यटन प्रवर्द्धन स्थानीय उपसमितिले आयोजना गरेको कजिनसारा ताल महोत्सवमा भएको खर्च अनुमोदन गर्ने सम्वन्धमा ।

३. चामे गाउँपालिकाको समग्र क्षेत्रको वृत्र चित्र तयार गर्ने सम्वन्धमा ।

४. चामे-सिंगर (कजिनसारा) ताल पदमार्ग एवम् धर्मशाला निर्माण सम्वन्धमा ।

५. महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन सम्वन्धमा ।

निर्णयहरु

१. चामे गाउँपालिकाको वडा नं. ४ मा रहेको कजिनसरा काललाई सिंगर (कजिनसारा) ताल भनी स्थानीय नामाकरण गर्ने र टोपो म्यापमा समावेश गर्न नापी विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

२. पर्यटन वर्ष २०१९-२०२२ सम्मलाई सफल पार्न चामे गाउँपालिका भित्र पर्यटन प्रवर्द्धनका लागि पर्यटन प्रवर्द्धन स्थानीय उपसमितिले मिति २०७६ साल असोज १० देखि १४ गतेसम्म चामे गाउँपालिका वडा नं. ४ मा रहेको कजिनसरा तालमा आयोजना गरेको महोत्वमा भएको खर्च रु. ५०००००। लाई चामे गाउँपालिकाको बजेट उपशीर्षकको खर्च शीर्षक २८९११ भैपरी आउने चालु खर्चमा विनियोजन भएको बजेट रु. ३०००००।- मध्येबाट घटाई खर्च शीर्षक २२५२२ कार्यक्रम खर्चमा रु. ३,००,०००।- र खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा विनियोजन भएको बजेट रु. ७६७१०००।- मा नेपाल सरकार-समानीकरण अनुदान तर्फ रु. १३,८८,०००।- र प्रदेश सरकार-समानीकरण अनुदान तर्फ रु. ६२,८३,०००।- मध्ये नेपाल सरकार-समानीकरण अनुदानमा घटाई खर्च शीर्षक ३११३५ पूँजीगत परामर्श खर्चमा रु. २,००,०००।- लेखाङ्कन गर्ने गरी खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

३. पर्यटकीय स्थल, धार्मिक स्थल, प्राकृतिक सम्पदा, रहन सहन, भेषभूषा, परम्परा र संस्कृति, साँस्कृतिक पर्व लगायत चामे गाउँपालिकाको समग्र क्षेत्रको वृत्र चित्र तयार गर्न आवश्यक पर्ने बजेट रु. ४,५०,०००।- चामे गाउँपालिकाको बजेट उपशीर्षकको खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा विनियोजन भएको बजेट रु. ७४७१०००।- मा नेपाल सरकार-समानीकरण अनुदान तर्फ रु. ११,८८,०००।- र प्रदेश सरकार-समानीकरण अनुदान तर्फ रु. ६२,८३,०००।- मध्ये प्रदेश सरकार-समानीकरण अनुदानमा घटाई खर्च शीर्षक ३११३५ पूँजीगत परामर्श खर्चमा विनियोजन गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिकाको वडा नं. ४ मा करीब ५००२ मिटरको उचाई र चामेबाट करीब २५ कि.मी.को दूरीमा रहेको सिंगर (कजिनसारा) माललाई अवलोकन गर्न सहज हुने गरी आवश्यक पूर्वाधार निर्माण गर्न चामे-सिंगर (कजिनसारा) ताल पदमार्ग एवम् धर्मशाला निर्माण गर्न आवश्यक पर्ने बजेट रु. ३०,००,०००।- चामे गाउँपालिकाको बजेट उपशीर्षकको खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगतखर्चमा विनियोजन भएको बजेट रु. ७०२१०००।- मा नेपाल सरकार-समानीकरण अनुदान तर्फ रु. ११,८८,०००।- र प्रदेश सरकार-समानीकरण अनुदान तर्फ रु. ५८,३३,०००।- मध्ये प्रदेश सरकार-समानीकरण अनुदानमा घटाई खर्च शीर्षक ३१११२ धर्मशाला निर्माणमा रु. १५०००००।- र खर्च शीर्षक ३११५१ चामे-सिंगर (कजिनसारा) ताल पदमार्ग निर्माणमा रु. १५,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

५. चामे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७५/७६ मा भएका काम कार्वाहीको आन्तिम लेखापरीक्षण गरी महालेखा परीक्षकको कार्यालयबाट प्राप्त प्रारम्भिक प्रतिवेदनका सन्दर्भमा जानकारी भई लेखापरीक्षणबाट औंल्याइएका विषयवस्तुलाई कार्यान्वयन गर्ने

र गाउँ कार्यपालिकाको कार्यालय मार्फत नियमानुसार प्रतिवेदनको जवाफ तयार गरी महालेखा परीक्षकको कार्यालयमा पठाउने निर्णय गरियो ।

६. पर्यटन वर्ष २०१९-२०२२ सम्मलाई सफल पार्न पर्यटन प्रवर्द्धन स्थानीय उपसमितिले कार्तिक महिना भित्र चामे गाउँपालिकाको वडा नं. १ मा रहेको हाई अल्टीच्यूट खेल मैदानमा अनुसन्धानमूलक खेलकूदको आयोजना गर्ने कार्यक्रमको लागि आवश्यक पर्ने बजेट रु. ४,२०,०००।- चामे गाउँपालिकाको वजेट उपशीर्षकको खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा विनियोजन भएको वजेट रु. ४०२१०००।- मा नेपाल सरकार-समानीकरण अनुदान तर्फ रु. ११,८८,०००।- र प्रदेश सरकार-समानीकरण अनुदान तर्फ रु. २८,३३,०००।- मध्ये नेपाल सरकार-समानीकरण अनुदानमा घटाई खर्च शीर्षक ३११३५ पूँजीगत परामर्श खर्चमा विनियोजन गर्ने निर्णय गरियो ।

७. चामे गाउँपालिका वडा नं. ४ मा कार्यालय सहायक पदमा कामकाज गरिरहनु भएका लोक प्रिय माध्यमिक विद्यालयका शिक्षिका कमला गौली जिल्लान्तर सरुवा भई रमना लिई जानुभएकोले उक्त पदमा दीनदयालु आधारभूत विद्यालयमा दरबन्दी रही लोकप्रिय माध्यमिक विद्यालयमा कामकाज गरिरहनु भएका प्रा.वि.द्वितीय शिक्षक खिलबहादुर घलेलाई कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।

आज मिति २०७६ साल मंसीर १८ गते विहान ११:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय वमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रवहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमवहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोपसाङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री समिरा गुरुङ |
| ११. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| १२. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| १३. | सदस्य | - | श्री विन घले |
| १४. | सदस्य सचिव | - | श्री गंगवहादुर थापा |

प्रस्तावहरु

१. संगठन तथा व्यवस्थापन सर्भे गर्ने सम्वन्धमा ।
२. खानेपानी टेक्निशेनको तालिम गर्ने सम्वन्धमा ।
३. जनप्रतिनिधीको लागि तालिम व्यवस्थापन गर्ने सम्वन्धमा ।
४. आ.व. २०७६/२०७७ को पहिलो चौमासिकसम्मको भौतिक तथा वित्तीय प्रगती समीक्षा एवम् खर्च अनुमोदन गर्ने सम्वन्धमा ।
५. नपुग कर्मचारी माग गर्ने सम्वन्धमा ।
६. पशु तथा कृषि सेवा सम्वन्धी अनुदान वितरण सम्वन्धमा ।

निर्णयहरु

१. नेपाल सरकारले स्थानीय तहकाको कर्मचारी दरवन्दी स्वीकृतिका लागि प्रस्ताव गरी पठाएकोमा यस गाउँपालिकाका लागि प्रस्तावित दरवन्दी बढी हुने जस्तो देखिन आएकोले संगठन तथा व्यवस्थापन सर्भे गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक बजेटका लागि चामे गाउँपालिकाको बजेट उपशीर्पकको खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा विनियोजन भएको बजेट रु. ३६०१०००।- मा नेपाल सरकार-समानीकरण अनुदान तर्फ रु. ७,६८,०००।- र प्रदेश सरकार-समानीकरण अनुदान तर्फ रु. २८,३३,०००।- मध्ये नेपाल सरकार-समानीकरण अनुदानमा घटाई खर्च शीर्षक ३११३५ पूँजीगत परामर्श खर्चमा रु. १,५०,०००।-व्यवस्था गर्ने गरी प्रकृया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

२. नेपाल सरकार, सर्शत अनुदान तर्फ आ.व. २०७६/२०७७ को वार्पिक कार्यक्रमको राष्ट्रिय युवा परिषद् अन्तर्गतको एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम शीर्षकमा विनियोजित वजेट मध्यवाट एक वडा २ युवा समावेश हुने गरी खानेपानी टेक्निशेनको तालिम सञ्चालन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई प्रकृया अघि वढाउन निर्देशन दिने निर्णय गरियो ।

३. चामे गाउँपालिकाका सम्पूर्ण पदाधिकारीलाई नगर प्रशिक्षण केन्द्र, पोखराले आ.व. २०७६/२०७७ मा प्रस्ताव गरेका तालिम मध्ये उपयुक्त हुने तालिम चामे गाउँपालिकाको संयुक्त आयोजनामा पोखरामा सञ्चालन गर्ने निर्णय गरियो ।

४. चालु आ.व. २०७६/२०७७ को पहिलो चौमासिकसम्म भए गरेको कामको भौतिक तथा वित्तीय प्रगती समीक्षा गर्दै चामे गाउँपालिकाको वास्तविक आय रु. ५,९६,३६,४१८.२६ (वित्तीय समानिकरण, राजस्व वाँडफाँड, आन्तरिक आय र गत वर्पको मौज्दात) प्राप्त भएको र चालु खर्च तर्फ रु. १,५४,५२,४४७।६४ तथा पूँजीगत खर्च रु. १४,८०,०००।०० गरी जम्मा रु. १,६९,३२,४४७।६४ खर्च भएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

५. नेपाल सरकारले प्रस्ताव गरी पठाएको चामे गाउँपालिकाको दरवन्दी अनुसार रिक्त रहेको पदमा लोक सेवा आयोगले पहिलो चरणमा विज्ञापन गर्दा छुट भएकोमा अन्य स्थानीय तहमा विज्ञापन भई पदपूर्तिको लागि सिफारिसको काम अन्तिम चरणमा पुगेको हुँदा बढी हुने कर्मचारी यस गाउँपालिकाका लागि माग गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र लोक सेवा आयोगलाई अनुरोध गर्ने गरी प्रकृया अघि वढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई आदेश दिने निर्णय गरियो ।

६. चामे गाउँपालिकाको आ.व. २०७६/२०७७ को वार्पिक कार्यक्रम अन्तर्गत पशु तथा कृषि सेवा सम्वन्धी कार्यक्रममा अनुदान समावेश कार्यक्रम सञ्चालन गर्दा गाउँपालिकालाई आय वर्प २०७६ मा वुझाउनु पर्ने सम्पूर्ण कर वुझाएको व्यक्ति वा फर्म वा समूहलाई प्राथमिकता दिने र गाउँपालिकामा वसाई सराई नगरी वसोवास गरेका वासिन्दाको हकमा जग्गाधनीले वुझाउनु पर्ने कर वुझाएको प्रमाणका आधारमा जग्गाधनीकै नाउँवाट अनुदान समावेश कार्यक्रममा सहभागी गराउने निर्णय गरियो ।

आज मिति २०७६ साल पुस २५ गते विहान ११:०० बजे चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमबहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री लोपसाङ लामा |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| ९ | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री समिरा गुरुङ |
| ११. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| १२. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| १३. | सदस्य | - | श्री बिन घले |
| १४. | सदस्य सचिव | - | श्री गंगबहादुर थापा |

<u>प्रस्तावहरु</u>

१. चामे गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन सम्बन्धमा ।

२. विशेष र समपुरक अनुदान सम्बन्धमा ।

३. ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन र व्यवस्थापन सम्बन्धमा ।

४. आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्बन्धमा ।

५. चामे बजार प्रवेशद्वारमा थाङ्का आर्ट पेन्ट गर्ने योजना सम्बन्धमा ।

६. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगतका ठूला आयोजना बोलपत्र प्रकृयाबाट सञ्चालन गर्ने सम्बन्धमा ।

७. चामे गाउँपालिका सामुदायिक विकास कोष (स्थापना र संचालन) कार्य संचालन निर्देशिका, २०७६ स्वीकृत सम्बन्धमा ।

८. हिउँ फाल्ने मेशिन खरिद गर्ने सम्बन्धमा ।

निर्णयहरु

१. नेपाल सरकारले चामे गाउँपालिकाको लागि ४३ जनाको कर्मचारी दरवन्दी प्रस्ताव गरी पठाएकोमा यस गाउँपालिका साविकको एकवटा मात्र गा.वि.स.बाट वनेकोले क्षेत्रफलको हिसावमा अन्य गाउँपालिकाको तुलनामा सानो रहेको, नेपाल सरकारवाट प्राप्त हुने अनुदान प्रत्येक वर्ष कम हुने, आन्तरिक आयका स्रोत पनि कम रहेको, जनसंख्या पनि ज्यादै कम रहेको हुँदा सेवा प्रवाह गर्न प्रस्तावित दरवन्दी वढी हुने जस्तो देखिन आएकोले गाउँ कार्यपालिकाको मिति २०७६।०८।१८ को निर्यण अनुसार संगठन तथा व्यवस्थापन सर्भेक्षण गराउन गाउँ कार्यपालिकाको कार्यालयवाट प्रकृया अघि वढाए वमोजिम व्रोड वे इन्फोसिस नेपाल प्रा.लि., काठमाडौंको सहयोगमा सर्भेक्षण अध्ययन गरी प्राप्त प्रतिवेदन अनुसार प्रस्ताव गरिएको गाउँ कार्यपालिका, वडा कार्यालय, कृषि सेवा शाखा, पशु सेवा शाखा र स्वास्थ्य चौकी समेतका लागि ३४ जनाको कर्मचारी दरवन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

२. नेपाल सरकारले राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं मार्फत स्थानीय तहका लागि आ.व. २०७७/२०७८ मा सञ्चालन हुने विषेश तथा समपुरक अनुदान आयोजना प्रस्ताव माग भएकोमा देहाय वमोजिमका आयोजना प्रस्ताव गरि पठाउने निर्णय गरियो ।

(क) विशेष अनुदान आयोजना/कार्यक्रम

१. चामे वजार खानेपानी विस्तार आयोजना
२. चामे फोहोर मैला व्यवस्थापन आयोजना

(ख) समपुरक अनुदान आयोजना/कार्यक्रम

१. चामे सिंगर (कजिनसारा) ताल पदमार्ग एवम् धर्मशाला निर्माण आयोजना
२. कोतो गुम्वा निर्माण आयोजना
३. थानचोक कृषि उपज भण्डारण शीतगृह निर्माण आयोजना

३. नेपाल सरकार, महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरवार, काठमाडौंवाट ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन र व्यवस्थापन गर्न वजेट रु. १ लाख र ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धी नमूना कार्यविधि-२०७६ पठाएकोमा चामे गाउँपालिकाभित्र कुन स्थानमा मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न उपयुक्त हुन्छ, सो सम्वन्धमा ज्येष्ठ नागरिकहरुसँग अन्तरक्रिया गरी आगामि वैठकमा प्रतिवेदन पेश गर्ने गरी सामाजिक विकास समितिका संयोजक श्री आशिप गुरुङलाई जिम्मेवारी दिने निर्णय गरियो ।

४. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंवाट स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन गर्न यस गाउँपालिकाका वडा नं. ३, वडा नं. २ र वडा नं. ५ तोकी आएकोमा ५ र ३ नं. वडा कार्यालयको भवनवाट सेवा सञ्चालन गर्ने, १ नं. वडाको हकमा तिमाङस्थित हाल रहेको वडा क्लिनिकलाई भत्काई टाइप २ वमोजिम भवन निर्माण गरी सेवा सञ्चालन गर्ने र २ नं. वडामा

रहेको जीर्ण चामे स्वास्थ्य चौकीलाई भत्काई गाउँपालिकाबाट गत वर्ष तयार गरिएको डीपीआर अनुसार भवन निर्माण गरी स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ (प्रथम संशोधन, २०७६) का आधारमा सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

५. चामे गाउँपालिकाको वडा नं. ४, नमस्ते गेटस्थित चामे बजार प्रवेशद्वारमा थाङ्का आर्ट पेन्ट गर्न चामे गाउँपालिकाको बजेट उपशीपर्कको खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा विनियोजन भएको बजेट रु. ३४,५१,०००।- मा नेपाल सरकार-समानीकरण अनुदान तर्फ रु. ६,१८,०००।- र प्रदेश सरकार-समानीकरण अनुदान तर्फ रु. २८,३३,०००।- मध्ये नेपाल सरकार-समानीकरण अनुदानमा घटाई खर्च शीर्षक ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माणमा रु. ३,००,०००।- बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

६. आ.व. २०७६/२०७७ मा चामे गाउँपालिकाभित्र सञ्चालन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगतका विभिन्न योजनाहरु मध्ये चामे गाउँपालिका वडा नं. १, तिमाङको गौरीशंकर आधारभूत विद्यालय होस्टेल निर्माणमा विनियोजित बजेट रु. ५० लाखलाई गाउँपालिकाबाट गत वर्ष तयार गरिएको डीपीआर अनुसार बोलपत्र विधि मार्फत योजना सञ्चालन गर्न प्रकृया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र बोलपत्र विधिबाट बजेट बचत हुन गएमा बचत हुने रकम बराबरको डीपीआर बमोजिको थप कार्य गराउने निर्णय गरियो ।

७. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १५ बमोजिमको उद्देश्य पूरा गर्न चामे गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी चामे गाउँपालिका भित्रका सबै वडामा रहेका बस्तीको समानरुपमा विकास गर्न सामाजिक परिचालनको माध्यमद्वारा सम्पूर्ण जनसमुदायलाई गोलबन्दन गरी समाजमा आई पर्न सक्ने चुनौतीको सामना र अवसरको सदुपयोगका लागि चामे गाउँपालिका सामुदायिक विकास कोष (स्थापना र संचालन) कार्य संचालन निर्देशिका, २०७६ को मस्यौदालाई गाउँ कार्यपालिकाको विधेयक समितिमा व्यापक छलफल भई पारित गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको निर्देशिकालाई निर्देशिकामा भएका व्यवस्थाको अध्ययन एवम् छलफल मार्फत पारित गरी स्वीकृत गर्ने निर्णय गरियो ।

८. चामे गाउँपालिका हिमालपारिको जिल्ला मनाङको जिल्ला सदरमुकाममा अवस्थित गाउँपालिका चारैतिर हिमाल र अग्ला डाँडाले घेरेको, मर्स्याङ्दी नदी बीचबाट बगेको र खोलानाला बढी भएको हुँदा विपद्का हिसाबले अति नै जोखिममा रहेकोले विपद् व्यवस्थापन गर्न आवश्यक सामग्री अन्तरगतको हिउँ फाल्ने मेशिन खरिद गर्न चामे गाउँपालिकाको बजेट उपशीर्षकको खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा विनियोजन भएको बजेट मध्यबाट आवश्यक बजेट व्यवस्था गर्ने गरी गाउँ कार्यपालिकाको कार्यालयलाई खरिद प्रकृया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

९. उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम अन्तर्गत आयोजना माग भएको हुँदा उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम संचालन कार्यविधि, २०७६ को अधिनमा रही पूर्वाधारहरु निर्माण गर्ने गरी तपशिलका आयोजनाहरु माग गर्ने निर्णय गरियो ।

१. लोकप्रिय मा वि छात्रावास भवन निर्माण योजना

२. सिटिजन बैंक चोक देखि माडा हुँदै जिल्ला प्रहरी कार्यालयसम्मको ढल सहित कालोपत्रे गर्ने योजना

३. थान्चोक स्वास्थ्य चौकी भवन निर्माण योजना ।

१०. जग्गाधनी चामे गाउँपालिकाको नाउँमा चामे गाउँपालिका वडा नं. ४ रहेको कित्ता नं. १६३ मा रहेको ७ रोपनी जग्गामा बसपार्क (फाउण्डेशन तयारी) निर्माण कार्यको लागि चामे गाउँपालिकाको बजेट उपशिर्षकको खर्च शिर्षक ३१५११ भैपरी आउने पूंजिगत खर्चमा विनियोजन भएको बजेट रु. ३१,५१,०००। मा ने.प.स.अ. ~~राजश्व बाडफाड~~ तर्फ रु. ३,१८,०००। र प्रदेश सरकार समानीकरण अनुदान तर्फ रु. २८,३३,०००। मध्ये प्रदेश सरकार समानीकरण अनुदानमा घटाइ खर्च शिर्षक ३११७१ पूंजिगत सुधार खर्च सार्वजनिक निर्माणमा रु. २०,००,०००।- र नपुग रु. ७,०१,७५७। गत वर्षको बैंक मौज्दात रकम रु. २,१०,७५,२५४।७६ बाट आगामी गाउँसभाबाट पुरक बजेट बाट बजेट विनियोजन गरी बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

आज मिति २०७६ साल फाल्गुन १८ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमबहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री वासुदेव थापा (का.वा. वडाध्यक्ष) |
| ६. | सदस्य | - | श्री बुधराम गुरुङ (का.वा. वडाध्यक्ष) |
| ७. | सदस्य | - | श्री कैले गुरुङ |
| ८. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| ९. | सदस्य | - | श्री माईता गुरुङ |
| १०. | सदस्य | - | श्री फूलमाया गुरुङ |
| ११. | सदस्य | - | श्री समिरा गुरुङ |
| १२. | सदस्य | - | श्री बिन घले |
| १३. | सदस्य | - | श्री लक्ष्मी बि.क. |
| १४. | सदस्य सचिव | - | श्री नमनारायण मल्ल |

प्रस्तावहरु

१. नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना, बिकेन्द्रित आयोजना सहयोग इकाई, गण्डकी प्रदेश, पोखरालाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
२. चामे गाउँपालिकामा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ सम्बन्धमा ।
३. चामे गाउँ कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत हाल सम्म सं.मा.त.सा.प्र.स. बाट आइनपुगेको हुँदा गाउँ कार्यपालिकाको कार्यालयको कर्मचारीहरुले नै योजना/कार्यक्रम/सम्झौता गर्ने सम्बन्धमा ।
४. चामे गाउँपालिका क्षेत्र भित्रको चाक्री सडक बस्तीमा बिजुलीको पोल लाइट जडान गर्ने सम्बन्धमा ।
५. गौरी शंकर आधारभूत विद्यालय होस्टल निर्माण सम्बन्धमा ।
६. गाउँ सभाको मिति तय गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

१. नेपाल लाइभष्टक सेक्टर इनोभेसन आयोजना हरिहरभवन, ललितपुरले नेपाल लाइभष्टक सेक्टर इनोभेसन आयोजना, विकेन्द्रित आयोजना सहयोग इकाई, गण्डकी प्रदेश, पोखरा मार्फत पशु सेवा केन्द्र निर्माणको लागि जग्गाको विवरण खुल्ने कागजपत्र र चामे गाउँ कार्यपालिकाको निर्णय माग भएको हुँदा जग्गाधनी चामे गाउँपालिकाको नाउँमा चामे गाउँपालिका वडा नं. ४ रहेको कित्ता नं. १६३ मा रहेको ७-०-०-० रोपनी जग्गा मध्येबाट आवश्यक जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

२. चामे गाउँपालिकामा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ सम्बन्धमा यस चामे गाउँपालिका भित्रका १ मा वि र ३ आ वि मा जम्मा विद्यार्थी सख्या र शिक्षक सख्या विद्यार्थीहरुलाइ नेपाली माध्यम र अंग्रेजी माध्यमबाट पढाइ हुने गरेको र तोकिएको शिक्षक सख्याले बालबालिकाहरु लाई गुणस्तरीय शिक्षा प्रदान गर्न गाह्रो हुने हुँदा आवश्यक शिक्षक राख्न अनुमतिको लागि शिक्षा मन्त्रालय सग अनुरोध गर्ने निर्णय गरियो ।

३. चामे गाउँ कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत हाल सम्म सं.मा.त.सा.प्र.मन्त्रालय बाट आइनपुगेको हुँदा गाउँ कार्यपालिकाको कार्यालयका सिनियर कर्मचारी इन्जिनियर श्री लक्ष्मण गौलीबाट चामे गाउँपालिकाका आ व ०७६।७७ का योजना/कार्यक्रम/सम्झौता अगाडी बढाउने निर्णय गरियो ।साथै सं.मा.त.सा.प्र.मन्त्रालयमा प्रमुख प्रशासकीय अधिकृत माग गर्न चामे गाउँपालिका अध्यक्षलाई पठाउने निर्णय गरियो ।

४. चामे गाउँपालिका क्षेत्र भित्रको सडक बस्तीमा बिजुलीको पोल लाइट जडान गर्नको लागि अघिल्लो गाउँसभा बाट रु. ३,००,०००। बजेट विनियोजन गरी सडक बत्ती जडान गरीएकोमा उक्त कार्य अत्यन्तै प्रभावकारी भई तिमाङ, थान्चोक, स्याक्र्यु, तलेखु र चामेको नपुग क्षेत्रबाट बिजुली पोल लाइट जडान गर्न माग भएकोले चामे गाउँपालिकामा थप बिजुली पोल लाईट जडान कार्यको लागि चामे गाउँपालिका ब.उ.शि. ३१५११ भैपरि आउने पूँजिगत खर्चमा विनियोजन भएको रु. ११,५१,०००। मा ~~समग्र आइपमाड~~ (नं.स.ख.उ.) तर्फ रु ३,१८,०००। र प्रदेश सरकार समानिकरण अनुदान तर्फ रु. ८,३३,०००। मध्ये ~~समग्र आइपमाड~~ (नं.स.ख.उ.) अनुदानमा घटाई खर्च शिर्षक ३११२२ मा रु.३,१८,०००। बजेट व्यवस्था गर्ने निर्णय गरीयो ।

५. चामे गाउँपालिका वडा नं. १ तिमाङमा गौरी शंकर आधारभूत विद्यालय होस्टल निर्माण कार्यको लागि स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट रु. ५०,००,०००। विनियोजन भएको उक्त बजेट बाट डि.पि.आर. मा उल्लेख भए बमोजिम किचन भवन निर्माण को लागि मात्र रु. ५५,०८,४८८।६३ को प्रविधिक लागत अनुमान निस्किएकोले उक्त गौरी शंकर आधारभूत विद्यालय होस्टेल निर्माण को लागि नपुग रकम चामे गाउँपालिका बजेट शिर्षक को खर्च शिर्षक नं. ३१५११ भैपरी आउने पूँजीगत खर्चमा समानीकरण अनुदान तर्फ विनियोजन भएको बजेट रु. ८,३३,०००। प्रदेश सरकार समानिकरण अनुदानमा घटाइ खर्च शिर्षक नं. ३१११२ मा रु. ५,०८,४८८। बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

६. स्थानीय सरकार सचालन ऐन, २०७४ बमोजिम यस चामे गाउँपालिकाको हिउँदे छैटौ गाउँ सभा मिति २०७६-१२-१५ गते गर्ने निर्णय गरियो ।

आज मिति २०७६ साल चैत्र ०९ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | श्री लोकेन्द्रबहादुर घले |
| २. | उपाध्यक्ष | - | श्री मुनिन्द्रजंग गुरुङ |
| ३. | सदस्य | - | श्री आशिष गुरुङ |
| ४. | सदस्य | - | श्री भिमबहादुर गुरुङ |
| ५. | सदस्य | - | श्री राजु लामा |
| ६. | सदस्य | - | श्री बुद्धराम गुरुङ (का.वा. वडाध्यक्ष) |
| ७. | सदस्य | - | श्री केले गुरुङ |
| ८. | सदस्य | - | श्री आशकुमारी गुरुङ |
| ९. | सदस्य | - | श्री माईला गुरुङ |
| १०. | सदस्य | - | श्री फुलमाया गुरुङ |
| ११. | सदस्य | - | श्री समिरा गुरुङ |
| १२. | सदस्य | - | श्री बिन घले |
| १३. | सदस्य | - | श्री लक्ष्मी वि.क. |
| १४. | सदस्य सचिव | - | श्री लक्ष्मण गौली |

आमन्त्रीत सदस्यहरु

१. नमनारायण मल्ल लेखा प्रमुख

२. बिष्णु प्रसाद अधिकारी खरिदार

प्रस्तावहरु

१. महामारीको रुपमा फैलिएको कोरोना भाईरस सम्बन्धमा ।
२. स्कूल बस खरीदको म्याद थप सम्बन्धमा ।
३. छैटौ गाउँसभाको मिति परिवर्तन सम्बन्धमा ।
४. बोलपत्रहरुको अनुमोदन र स्वीकृती सम्बन्धमा ।
५. राष्ट्रपती शैक्षिक सुधार कार्यविधि २०७६ अनुसारको बिद्यालयबाट कार्यक्रम सिफारीस गर्ने सम्बन्धमा ।
६. कर्मचारी पदस्थापन सम्बन्धमा
७. पुरक बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा ।
८. कानूनका विधेयक पारित गर्ने सम्बन्धमा ।

निर्णयहरु

१. विश्वमा भयावह स्थिति भई महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसबाट बच्नको लागि २०७६ चैत्र २,३ र ५ गतेको नेपाल सरकारको निर्णयलाई सिरोधार्य गरी यस चामे गाउँपालिकाका सम्पूर्ण महानुभावहरुलाई अत्यावश्यक काम भन्दा बाहिर ननिस्कन, कम्तिमा १५।१५ मिनेटमा साबुन पानीले हात धुने, घर बाहिर निस्कदाँ र समूहमा जाँदा मास्कको प्रयोग गर्ने, साथै भेला, मिटिङग, तालिम, सभा, समारोह, सामाजिक तथा धार्मिक कार्यहरु नगर्न नगराउनु हुन सबै महानुभावहरुमा सूचना मार्फत जानकारी गराउने यस विषम परिस्थितिमा चामे गाउँपालिका र कार्यालयमा जनप्रतिनिधि, सेवाग्राही एवं कर्मचारीहरु लाई प्रवेशको क्रममा मूलगेटमा साबुन पानीले हात धुने व्यवस्था गर्ने, मास्कको प्रयोग गर्ने र सो महामारीबाट बच्न बचाउनको लागि स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी, नेपाल प्रहरी, रेडक्रस, गाउँपालिका, सरकारी कार्यालय, संचारका माध्यमहरु, अस्पताल, विद्यालय आदि परिचालन गरी सबै प्रकृया अवलम्बन गर्ने निर्णय गरियो । विश्वव्यापी रुपमा गम्भिर हुँदै गएकोले आगामी दिनमा पर्न सक्ने संकटलाई सामना गर्न निम्न/तपसिल कार्यमा खरीद कार्य अगाडी बढाउने साथै उक्त कोरोना भाईरसबाट बच्न अत्यावश्क स्वास्थ्यसंग सम्बन्धित सामग्री खरीद गर्न आगामी छैटौं गाउँसभाबाट पुरक बजेट तथा कार्यक्रम संशोधन पारीत हुने गरी गत आवको मौजदात रकमबाट खर्च लेखेने गरी रु ४० लाख विनियोजन गर्ने र तपशिलका सामाग्री तत्काल खरीद गरी वितरण गर्न चामे गाउँ कार्यपालिकाको कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

तपसिल

१. अत्यावश्यक औषधीजन्य बस्तुहरु र उपकरणहरु
२. सर्जिकल फेस मास्क २०००० थान
३. हेण्ड सेसनीटाइजर १०० एम एल बेतल ८०० थान
४. हेण्ड सेसनीटाइजर ५०० एम एल बेतल ५०० थान
५. PPE Kit ३० सेट
६. Infrared Thermometer २ थान
७. किटाणु नासक औषधी Virex २ प्याक
८. किटाणु नासक औषधी Sodyun Hydrocloride १० ग्यालन
९. आधारभूत खाध्यान्न सामाग्री

२. मिति २०७६।७।५ गते राजधानी दैनिक सूचना प्रकाशित भई म्याद भित्र पेश हुन आएका बोलपत्र मध्ये सिप्रदी ट्रेडिङ्ग प्रा.लि. ले पेश गरेको बोलपत्र स्वीकृत भई मिति २०७६।१२।०८ गते सम्पन्न गर्ने गरी मिति २०७६।११।२८ गते विविध कारण देखाउदै ३० दिन म्याद थप्न माग भएकोमा हालको अवश्था लाई मध्यनजर गर्दै म्याद सकिएको मितिबाट लागू हुने गरी १ महिना म्याद थप गर्ने निर्णय गरियो ।

३. स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम यस चामे गाउँपालिकाको हिउँदे छैटौ गाउँ सभा मिति २०७६-१२-१५ गते गर्ने निर्णय भएकोमा कोरोना महामारीको कारण चामे गाउँपालिकाको हिउँदे छैटौ गाउँ सभा मिति २०७६-१२-२०गते सार्ने निर्णयगरियो ।

४. चामे गाउँपालिकाबाट विभिन्न मितिमा इ बिडिङग गरी राष्ट्रिय दैनिकमा प्रकाशित भई मूल्यांकन समितिबाट प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश हुन आएका निम्न बोलपत्र स्वीकृत र अनुमोदन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| स्कुल बस खरीद | रु. ४७,९५,०००।०० |
| ट्याक्टर खरीद | रु. २१,९०,०००।०० |
| सिटीहल निर्माण | रु. २,७७,०३,३७२।२५ |
| मनास्लु भ्यू टावर र आपतकालीन केन्द्र | रु. ११,३७,१६७३।०३ |
| फोहर मैला व्यवस्थापन | रु. ५२,५०,५३०।६० |

५. शिक्षा तथा मानव श्रोत विकास केन्द्रले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम परियोजना प्रस्ताव सार्वजनिक विद्यालयहरुलाई पेश गर्ने सम्बन्धि सुचना आव्हान गरिए बमोजिम यस चामे गाउँपालिका भित्रका श्री लोकप्रिय मा. वि. र श्री गौरीशंकर आ. वि. बाट प्राप्त परियोजना सम्बन्धी प्रस्तावहरुको प्राथमिकताको आधारमा तपसिल बमोजिम सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

१. खेल मैदान निर्माण र खेल सामग्री व्यवस्थापन रु. २५,००,०००। (लोकप्रिय मा.वि., चामे)
२. विद्यालयमा इन्टरनेट सुविधाको विस्तार र स्मार्ट बोर्डको व्यवस्थापन रु. ५,००,०००। (गौरीशंकर आ.वि., तिमाङ)
३. विद्यालयको पुस्तकालय स्थापना र सञ्चालन रु. ३,००,०००। (गौरीशंकर आ.वि., तिमाङ)
४. हरित विद्यालय वातावरणिय सुधार एवं विद्यालय रंगरोगन रु. ५,००,०००। (गौरीशंकर आ.वि., तिमाङ)
५. खेल मैदान मर्मत संभार तथा खेल सामग्रीको व्यवस्थापन रु. ५,००,०००। (गौरीशंकर आ.वि., तिमाङ)

६. यस चामे गाउँपालिकामा कर्मचारी समायोजन ऐन अनुसार राजश्व तथा आर्थिक प्रशासन शाखामा कुनैपनि कर्मचारी समायोजन भै नआएको, जिल्ला समन्वय समितिको कार्यालयबाट आ.ले.प. शाखामा कार्यरत प्रशासन सेवा लेखा समूहका आ.ले.प. अधिकृत (छैटौं) समायोजन ऐन अनुसार समायोजन भई आएकोमा यस गाउँपालिकामा आन्तरीक लेखापरीक्षण इकाईमा आ.ले.प. सहायक पाँचौ तहको दरबन्धी भएको तथा अन्य गाउँपालिकाहरुमा जस्तै यस गाउँपालिकामा पनि आ.ले.प.इकाईमा अधिकृत स्तरको कर्मचारी आवश्यक नभएको, आन्तरीक श्रोत अत्यन्त न्यून रहेको यस गाउँपालिकामा आ.ले.प.इकाई र लेखा शाखामा समेत अधिकृतस्तरको कर्मचारी राख्दा गाउँपालिकाको व्ययभार अनावश्यक रुपमा पढ्ने भएकोलेलेखा र लेखा सफ्टवयर (सूत्र) संचालन सम्वन्धी ज्ञान भएको, आर्थिक प्रशासन सम्वन्धी जिम्मेवारी प्रदान गरी मिति ०७६/०३/११ देखि खाता संचालन गरी आर्थिक प्रशासन सम्वन्धी कामकाज गर्दै आउनु भएका लेखा समूहका कर्मचारी श्री नम नारायण मल्ललाई राजश्व तथा आर्थिक प्रशासन शाखा तर्फ अधिकृत छैटौं लेखा पदमा पदस्थापना गर्ने र आन्तरीक लेखा परीक्षण इकाइमा सहायकस्तर पाचौं तहको कर्मचारी माग गर्ने निर्णय गरीयो ।साथै उक्त निर्णयलाई स्वीकृति तथा अनुमोदनको लागी छैटौं गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

७. विधायन समितिवाट पेश भएका तपशिलका कार्यधि उपर दफावार छलफल गरी पारीत गर्ने निर्णय गरीयो ।
क- चामे गाउँपालिकाको मर्मत संभारकोष संचालन कार्यविधी - २०७६

## चामे गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय, मनाङ

### संचित कोषबाट विनियोजन हुने अनुमानको खर्च शिर्षकगत र श्रोतगत संशोधित विवरण

आर्थिक वर्ष : २०७६/७७ पुरक तथा संशोधन बजेट

रकम रु. हजारमा

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कुल बजेट | राजस्व बाँडफाँड-संघीय सरकार | राजस्व बाँडफाँड-प्रदेश सरकार | नेपाल सरकार-समानिकरण अनुदान | आन्तरिक स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १३२५५ | १०५०० | | | २७५५ |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी/सुविधा | ३४०० | ३४०० | | | ० |
| ३ | २११२१ | पोशाक | ५४० | ४५० | | | ९० |
| ४ | २११३१ | स्थानीय भत्ता | ४००८ | ३४०० | | | ६०८ |
| ५ | २११३२ | महंगी भत्ता | ८५६ | ७२० | | | १३६ |
| ६ | २११३३ | फिल्ड भत्ता | १०० | ० | | | १०० |
| ७ | २११३४ | कर्मचारी बैठक भत्ता | ६०० | ३०० | ३०० | | ० |
| ८ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १०० | ० | | | १०० |
| ९ | २११३९ | अन्य भत्ता | ३०० | १२५ | | | १७५ |
| १० | २११४१ | पदाधिकारी बैठक भत्ता | १००० | ० | | | १००० |
| ११ | २११४२ | पदाधिकारी अन्य सुविधा (सञ्चार) | १०० | १०० | | | ० |
| १२ | २१२१३ | योगदानमा आधारित बीमा कोष | १२० | १२० | | | ० |
| १३ | २१२१४ | कर्मचारी कल्याण कोष | २०० | २०० | | | ० |
| १४ | २२१११ | पानी तथा बिजुली | १०० | १०० | | | ० |
| १५ | २२११२ | सञ्चार महसुल | ४०० | ४०० | | | ० |
| १६ | २२२११ | इन्धन (पदाधिकारी) | ५०० | ५०० | | | ० |
| १७ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ८०० | ५०० | | | ३०० |
| १८ | २२२१३ | सवारी साधन मर्मत खर्च | १२०० | १००० | | | २०० |
| १९ | २२२१४ | बिमा तथा नवीकरण खर्च | ३०० | २२० | | | ८० |
| २० | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५०० | ५०० | | | ० |
| २१ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १५०० | १००० | | | ५०० |
| २२ | २२३१४ | इन्धन-अन्य प्रयोजन | ३०० | २६५ | ३५ | | ० |
| २३ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १००० | ५०० | | | ५०० |

८ यस वर्ष विगतका वर्षको तुलनामा गाउँपालिका क्षेत्रमा भारी हिउँपात परेको । मौसम प्रतिकूलता तथा कर्मचारी सरुवाका कारण चालु आर्थिक वर्षका कार्यक्रम समयमा नै सुचारु हुन नसकेकोले बाँकी अवधिमा सम्भव हुने कार्यक्रम संचालन गर्न र गत वर्ष वार्षिक हिसाबको सालतमाम गर्दा गत वर्षको मौज्दात जिम्मेवारी सार्नुपर्ने रकम यकिन हुन नसकेको रकमलाई विनियोजनमा बाँडफाँड गरी चामे गाउँपालिकाको विनियोजन ऐन २०७६ को अनुसूचीहरुमा केही संशोधन गर्नुपर्ने भएकोले तपशिल बमोजीमको पूरक बजेट तथा कार्यक्रम संशोधन सम्बन्धी प्रस्ताव छुट्टै गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | २२३१९ | अन्य कार्यालय संचालन खर्च | ३०० | ० | | | ३०० |
| २५ | २२४१० | सेवा र परामर्श खर्च | ५०० | ० | | | ५०० |
| २६ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५०० | ५०० | | | ० |
| २७ | २२४१३ | करार सेवा शुल्क | ४००० | ४००० | | | ० |
| २८ | २२४१४ | सरसफाई सेवा शुल्क | १५० | १५० | | | ० |
| २९ | २२५११ | कर्मचारी तालिम खर्च | २०० | २०० | | | ० |
| ३० | २२५२९ | विविध कार्यक्रम खर्च | ३०० | ३०० | | | ० |
| ३१ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १५०० | ७०० | | | ८०० |
| ३२ | २२६१२ | भ्रमण खर्च | ८०० | ८०० | | | ० |
| ३३ | २२७११ | विविध खर्च | १२०० | ७०० | | | ५०० |
| ३४ | २२७२१ | सभा संचालन खर्च | ८०० | ८०० | | | ० |
| ३५ | २५३१५ | अन्य सहायता | ३०० | ३०० | | | ० |
| ३६ | २७११९ | सामाजिक सुरक्षा | २०० | २०० | | | ० |
| ३७ | २७२११ | छात्रवृत्ति | १०० | ० | | | १०० |
| ३८ | २७२१२ | उद्धार, राहत तथा पुर्नस्थापना खर्च | १०० | १०० | | | ० |
| ३९ | २८१४२ | घर भाडा | ५०० | ५०० | | | ० |
| ४० | २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | ५०० | ५०० | | | ० |
| ४१ | २२५२२ | काजनसारा ताल महोत्सव | ३०० | ३०० | | | |
| ४२ | २२५२२ | कोरानाभाइरस (COVID-19) सचेतना कार्यक्रम | ५५ | ५५ | | | |
| ४३ | 22492 | लड साइन बाेड | २०० | २०० | | | |
| ४४ | २२५२२ | विभिन्न कानून कार्याविधि निर्माण | ३०० | ३०० | | | |
| ४५ | २८९११ | भैपरी आउने चालु खर्च | ९५ | ९५ | | | ० |
| | | कूल जम्मा = | ४४०७९ | ३५००० | ३३५ | ० | ८७४४ |

०

(ख) गाउँपालिकाका गौरवका आयोजनाहरु 78433000 66400000 12033000

रकम रु. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | २५३११ | लोकप्रिय मा.वि.आवासिय विद्यालय संचालन कार्यक्रम | ५५०० | ५५०० | | | |
| २ | ३११५८ | चामे गाउँपालिकास्तरिय फोहोर मैला व्यवस्थापन आयोजना | १०००० | १०००० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ३११११२ | आपतकालिन केन्द्रसहितको मनास्लु भ्यू टावर निर्माण योजना | ११९७० | ११९७० | | | |
| ४ | ३११३५ | स्थानीय आवधिक योजना तर्जुमा कार्यक्रम | १००० | १००० | | | ० |
| ५ | ३११३५ | चामे बसपार्क निर्माण योजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) तयार कार्यक्रम | ९०० | ९०० | | | |
| ६ | ३११३५ | संघ र प्रदेश सरकारको समन्वयमा मार्बल खानी उत्खनन एव प्रशोधनको सम्भाव्यता अध्ययन | ० | ० | | | |
| ७ | ३११३५ | स्थानीय पर्यटन गुरुयोजना तयार कार्यक्रम | ९५० | ९५० | | | |
| ८ | ३११३५ | स्थानीय भू-उपयोग नक्शाङ्कन कार्यक्रम | ४५० | ४५० | | | |
| ९ | ३११११२ | चामे सिटीहल निर्माण | १०००० | १०००० | | | |
| | | जम्मा = | ४०७७०.००० | ४०७७०.००० | ० | | ० |

(ग) गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमहरु

रकम रु. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कुल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको |
|---|---|---|---|---|---|---|---|
| १ | २७२१२ | प्रकोप व्यवस्थापन तथा उद्धार कोष | ३०० | ३०० | | | |
| २ | २२५१२ | जनप्रतिनिधी एवं कर्मचारीको क्षमता विकास तालिम कार्यक्रम | ५०० | ५०० | ० | ० | ० |
| ३ | २२५२२ | कृषि क्षेत्र विकास तथा बिस्तार कार्यक्रम | ५५४२ | ३५६२ | ० | | १९८० |
| ४ | २२५२२ | पशु क्षेत्र विकास तथा बिस्तार कार्यक्रम | २२५० | १९०० | ० | | ३५० |
| ५ | २२५२२ | गाउँपालिकास्तरीय सीपमूलक तालिम कार्यक्रम | ७०० | ७०० | ० | ० | ० |
| ६ | २२५२२ | मुटुरोग सम्बन्धी निशुल्क स्वास्थ्य शिविर सञ्चालन | ५०० | ५०० | ० | ० | ० |
| ७ | २२५२२ | गाउँपालिका अध्यक्ष रनिङ शिल्ड प्रतियोगिता | ३०० | ० | ३०० | | |
| ८ | ३११७१ | समपुरक कोष | ३००० | ३००० | | | |
| ९ | ३११७१ | मर्मत सम्भार कोष | १००० | १००० | | | |
| १० | ३११३४ | गाउँपालिकाको सूचना प्रविधिको लागि कम्प्यूटर सफ्टवेयर तथा सर्भर खरिद कार्यक्रम | १५०० | १५०० | | | |
| ११ | ३११२२ | वडा नं. १, २ र ३ को वडा कार्यालयमा नेटवोर्किङ र इन्टरनेट सेवा विस्तार | ० | | ० | | |
| १२ | ३११२२ | मेसीनरी औजार तथा अन्य उपकरण खरिद | ५०० | ५०० | | | |
